# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, भाद्र ५ गते २०६३ साल (संख्या १७


## भाग ३

### नेपाल सरकार

### कृषि तथा सहकारी मन्त्रालयको सूचना

#### पशु स्वास्थ्य तथा पशु सेवा (पहिलो संशोधन) नियमावली, २०६३

पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ लाई संशोधन गर्न वान्छनीय भएकोले,

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "पशु स्वास्थ्य तथा पशु सेवा पहिलो संशोधन) नियमावलो, २०६३" रहेको छ

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम ९ मा संशोधनः पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम ९ को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

आज्ञाले,
गणेशकुमार के सी.
नेपाल सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

नेपाल सरकारले नेपाल इन्जिनीयरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची–२ को प्रत्येक उप-समूह अन्तर्गतको क्रमसंख्या ४ को खण्ड (क) मा उल्लिखित राजपत्र अनङ्कित प्रथम श्रेणीको "ओभरसियर" पद नामको सट्टा "सव-इन्जिनियर" पद नाम कायम गरेको छ ।

## सूचना २

नेपाल सरकारले नेपाल इन्जिनियरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमहरूको अनुसूची–२ को प्रत्येक उप-समूह अन्तर्गतको क्रमसंख्या ५ को खण्ड (क) मा उल्लिखित राजपत्र अनंकित द्वितीय श्रेणीको "सव-ओभरसियर" पद नामको सट्टा "असिष्टेण्ट सव-ईन्जिनियर" पद नाम कायम गरेको छ ।

आज्ञाले,
माधवप्रसाद घिमिरे
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.नं. १६।२०६२।६३

४८६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।